जि.प्र.का.सिरहा द.नं. ८७–०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी

राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

*कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।*

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका–६, सिरहा
फोन नं.: ०३३–५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८०१५००३५६
इमेल : mgnd2070@gmail.com

बर्षः १२, अंकः ९७ पृष्ठः ४ | २०८२ साउन १८ गते आइतबार (Sunday 03 Aug. 2025) | मूल्य रु. ५।– | इमेल : mgnd2070@gmail.com

## खडेरीले पानीको अभाव, विपन्न र दलितबस्तीमा खानेपानी वितरण



सिरहा, १७ साउन। खडेरीले गाउँका इनार, कल सुकेर बस्ती नै अप्ठ्यारोमा परेपछि सिरहाको चुरे क्षेत्रमा पर्ने लहान नगरपालिका– २४ स्थित खेस्राहा गाउँमा शुद्ध खानेपानी वितरण गरिएको छ। लहान नगरपालिकाका प्रमुख महेशप्रसाद चौधरीले शुक्रबार अपराह्न खेस्राहा गाउँका ६० घरधुरी मगर र मुसहर बस्तीमा स्वच्छ खानेपानी वितरण गरेका हुन् ।

ट्याक्टरमा लोड गरिएको एक–एक हजार लिटर दरको ट्यांकीमा जडान गरिएको पाइपबाट पानी वितरण गर्दै नगरप्रमुख चौधरीले भने, 'खडेरीको कारणले नगरवासीले भोलिरहेको खानेपानीको अभाव हटाउन तत्काल ट्यांकीबाट भएपनि बाँड्न थालेका हौँ। नगरवासीको समस्यासँग जुध्न स्थानीय सरकार पनि सँगसँगै छौँ,' उनले भने, 'पानीको चरम अभाव रहेका दलित तथा अन्य बस्तीमा खानेपानी वितरणलाई निरन्तरता दिनेछौँ।' नेपाल खानेपानी संस्थानको समन्वयमा प्रयोगशाला परीक्षण गरी प्रतिपरिवार ३० लिटरको दरले स्वच्छ खानेपानी वितरण गरिएको हो। पानी अभाव भोलिरहेका बस्तीका हरेक परिवारलाई स्वच्छ पानी पुर्‍याउन नगरपालिकाले विशेष प्राथमिकता दिएको उनले बताए ।

खानेपानी वितरणसँगै नगरप्रमुख चौधरीले स्थानीय बासिन्दासँग खडेरीले निम्त्याएका समस्या र नगरपालिकाले गर्नुपर्ने कामबारे छलफलसमेत गरे। स्थानीय बासिन्दाले घरायसी प्रयोग र चौपायाका लागि पानीको अभाव रहेको गुनासो गर्दै दैनिक आवश्यकताका लागि पर्याप्त पानीको व्यवस्था गर्न माग गरे। 'पछिल्लो केही दिनदेखि खानेपानीको अभाव हुन थालेपछि करिब एक घण्टाको दूरीमा रहेको छिमेकी गाउँबाट समेत पानी ल्याएर प्रयोग गर्न बाध्य थियौँ,' स्थानीय कृष्णमाया सार्कीले भनिन्, 'नगरपालिकाले कम्तीमा एक दिनसम्म खान पुग्ने पानी दिएपछि थोरै भए पनि राहत भएको छ।' द विकन परियोजनाअन्तर्गत एंगलियन वाटर र वाटर एड नेपालको सहयोग तथा लहानस्थित दलित जनकल्याण युवा क्लबको सहकार्यमा खानेपानी अभाव भएका बस्तीहरूमा स्वच्छ खानेपानी बाँड्न थालिएको हो।

पानीको सहजता नहुन्जेल बस्तीहरूमा खानेपानी वितरणलाई निरन्तरता दिइने क्लबका अध्यक्ष

**–बाँकी अन्तिम पेजमा**

## खानेपानी थाप्न गएकी महिलामाथि कुटपिट



सिरहा, १७ साउन। सिराहाको गोलबजार नगरपालिका–५, निपनिया मलहाटोलमा खानेपानी थाप्न गएकी स्थानीय ३५ वर्षीया ममताकुमारी मुखियामाथि कुटपिट भएको छ। स्थानीय कपिल साह र उनका छोराहरूले मुखियालाई बिहीबार बिहान करिब ६ बजेतिर कुटपिटसहित दुर्व्यवहार गरेका हुन्। साहले घरछेउमै विद्युतीय मोटरबाट पानी तानेर आफ्नो खेतमा लगाइरहेका वेला खाना पकाउने पानी थाप्न गएकी मुखियालाई 'मेरो निजी खर्चमा चलाएको मोटरमा किन पानी थाप्न आएको' भन्दै कुटपिट गरेको स्थानीय मञ्जु सदायले बताइन्।

'पानीजस्तो नभइनहुने वस्तु, त्यसमा पनि खडेरी छ,' उनले भनिन्, 'एक बाल्टिन पानी थाप्न जाँदा गालीगलोज गर्दै कुटपिट नै गरे,' उनले भनिन्। कुटपिटबाट टाउको र अनुहारमा चोटपटक लागेकी मुखिया रुँदै घर आएपछि तत्काल छिमेकीहरूले उपचारका लागि सिराहा प्रादेशिक अस्पताल पुर्‍याएको उनले बताइन्। 'विद्युतीय मोटर चलाउँदा घरको हातेकल सुकेकाले राति चलाउनुस्

**–बाँकी दुई पेजमा**




## सप्तरीमा सिँचाइका लागि गाडिएका २३ वटा ट्युबवेल प्रयोगविहीन





सप्तरी, १७ साउन। सप्तरीमा सिँचाइ सुविधाका लागि केही वर्षअघि गाडिएका ४३ मध्ये २३ वटा डिप ट्युबवेल प्रयोगमा आउन सकेका छैनन्। ४३ मध्ये १७ वटा मात्र अहिले सञ्चालनमा रहेको र २३ वटा डिप ट्युबवेल अझै सञ्चालनमा आउन नसकेको अवस्था छ। सप्तरी र सिरहामा भूमिगत जलश्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय, सिरहाले मुख्य रुपमा डिप बोरिङ जडान गर्ने गरेको छ। कार्यालयमार्फत अहिलेसम्म सप्तरीमा ४३ वटा डिप बोरिङ जडान भएको तर तीमध्ये १७ वटा मात्र सञ्चालनमा रहेको कार्यालयको तथ्याङ्कमा उल्लेख छ।

केहीमा ट्रान्सफर्मर चोरी भएको छ, कुनैबाट वालुवा आउने गरेकोले पुनः जडान गर्नुपर्ने अवस्था रहेको

**–बाँकी तीन पेजमा**

## सम्पत्ति विवरण बुझाऔं

- सार्वजनिक पद धारण गरेको व्यक्तिले आर्थिक वर्ष समाप्त भएको ६० दिनभित्र सम्बन्धित निकायमा सम्पत्ति विवरण बुझाइसक्नु पर्छ।
- राजिनामा वा अनिवार्य अवकास भई सेवा निवृत्त हुनेले समेत सेवा निवृत्त हुने आ.व. सम्मको सम्पत्ति विवरण बुझाउनु पर्छ,
- प्रदेश वा स्थानीय तहमा रहेका सार्वजनिक पद धारण गर्ने व्यक्ति तथा कर्मचारीले आफू कार्यरत कार्यालयमार्फत सम्बन्धित प्रदेशको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा सम्पत्ति विवरण बुझाउनु पर्छ,
- करारमा कार्यरत कर्मचारीले कार्यरत निकायमै सम्पत्ति विवरण बुझाउनु पर्छ,
- सम्पत्ति विवरण बुझाउने दायित्व सम्बन्धित व्यक्तिको हो,
- समयमा सम्पत्ति विवरण नबुझाउनेलाई कानून बमोजिम जरिवाना हुन्छ।

**"त्यसैले समयमै सम्पत्ति विवरण बुझाऔं, सुशासनमा सहयोग गरौं"** ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

# सम्पादकीय

## सरकारले नेपाल रेडक्रसको मूर्खता नदोहोऱ्याओस्

सत्तासीनहरूको कुबुद्धि, अहमत्याइँ र जिद्दीका कारण राज्यका संस्थाहरूको साख समाप्त भइरहेको छ। संवैधानिक अङ्गहरूमात्र होइन नेपालमा त अन्तर्राष्ट्रिय अभियानका स्थानीय शाखाहरूसमेत  भताभुङ्ग बनाइएका छन्। यसको पछिल्लो सिकार नेपाल ओलम्पिक कमिटी भइरहेको छ। ओलम्पिक कमिटीको विवादका लागि अहिलेका पदाधिकारी पनि कम दोषी भने छैनन्।

नेपाल ओलम्पिक कमिटी अन्तर्राष्ट्रिय ओलम्पिक कमिटी ९आईओसी०को नेपाल शाखा हो। यसैले आईओसीको मान्यता प्राप्त भएमात्र राष्ट्रिय कमिटी वैधरूपमा कार्यरत हुनसक्छ। यद्यपि, राष्ट्रिय ओलम्पिक कमिटी पनि सरकारद्वारा स्वीकृत आफ्नै विधानअनुसार गठन हुने कानुनी व्यक्ति हो। नेपालको ओलम्पिक कमिटीको इतिहास निकै नै विवादास्पद रहिआएको छ। जसरी पनि पदमा टाँसिने र सरकारमा पुग्नेहरूले जसरी पनि हटाउने खेल निकै लामो समयदेखि चल्दैआएको छ। ओलम्पिक कमिटीबाट पाइने विदेश भ्रमण र भत्ताको लोभ नै विवादको जड हुनुपर्छ।

ओलम्पिकका अधिकांश पदाधिकारीले सहजरूपमा पद छाडेका छैनन्। यसपटक त झन् विधान नै संशोधन गरेर पदमा कब्जा जमाइरहने खेल गरिएको थियो। उता सरकारमा हुनेहरूले पनि कहिल्यै ओलम्पिकको विवादलाई वैध र स्वाभाविक प्रक्रियाबाट समाधान गर्ने प्रयास गरेको देखिएन। नेपाल ओलम्पिक कमिटीको वैधताको निर्णय नेपाल सरकार वा नेपालको न्यायालयले मात्र गरेर हुँदैन। अन्तर्राष्ट्रिय ओलम्पिक कमिटीको मान्यताविना सरकारले बनाउने कमिटी वैध हुँदैन। सरकारले भइरहेको कमिटीलाई काम गर्न नदिन सके पनि अन्तर्राष्ट्रिय सहयोग पाउन सक्तैन।

नेपाल ओलम्पिक कमिटी निलम्वन गरी तदर्थ कमिटी बनाउनु विवाद चर्काउने उपायमात्र हुनेछ। त्यसले नेपाली खेलकुदमा अन्तर्राष्ट्रिय सहयोग जुट्ने बाटोमा तगारो लगाउने काममात्र गर्नेछ। सरकारले नेपाल ओलम्पिक कमिटीलाई मान्यता नदिने हो भने वैध र उपयुक्त उपाय अपनाउनुपर्छ। पहिलो, सरकारले नेपाल ओलम्पिक कमिटीको वैधानिकतालाई अदालतमा चुनौती दिनुपर्छ।  मन्त्रालय, राष्ट्रिय खेलकुद परिषद् त के मन्त्रिपरिषद्समेत 'कानुनी व्यक्ति'को वैधानिकता किटान गर्ने निकाय होइन। बलमिच्याइँ गरेर सरकारले भङ्ग वा तदर्थ समिति बनाउन सक्ला तर त्यसले वैधता पाउँदैन।

दोस्रो, नेपाल ओलम्पिक कमिटीको अहिलेका पदाधिकारीलाई मान्यता दिन किन नसकिने हो भन्ने कारणहरू स्पष्ट अन्तर्राष्ट्रिय ओलम्पिक कमिटीलाई विश्वासमा लिन सक्नुपर्छ। सरकार खेलकुदको विकासका लागि गम्भीर र प्रतिबद्ध छ भन्ने विश्वास आईओसीका पदाधिकारीलाई दिलाउनु आवश्यक हुन्छ। ओलम्पिक भावना तथा विधान मिच्ने काम नगर्दासम्म सामान्यतः आईओसीले राष्ट्रिय सरकारको आग्रह लत्याउने पनि गर्दैन। यद्यपि, कमिटीका पदाधिकारीका हकमा कतिपय अवस्थामा आईओसीका पदाधिकारीको व्यक्तिगत रुचि र आग्रहको भूमिका निर्णायक हुनेगरेको पनि उदाहरण पाइन्छ।

रेडक्रसमा विगतमा सरकारले यसरी नै अवैध र अनुचित हस्तक्षेप गर्दा अहिले  नेपाल रेडक्रस सोसाइटी नै भङ्ग हुने अवस्थामा पुगेको छ। नेपाल ओलम्पिक कमिटीमा पनि त्यस्तै हस्तक्षेप गरियो भने अन्ततः रेडक्रसकै दुर्भाग्यपूर्ण नियति दोहोरिन सक्छ। यसैले सरकारले तदर्थ समिति बनाए पद पाउने लोभमा रहेका केही लाउकेहरूको लहैलहैमा लागेर सरकारले आईओसीलाई चिढ्याउने र कानुन मिच्ने मूर्खता नगरोस्। परराष्ट्र मन्त्रालयमार्फत् कूटनीतिक माध्यमबाट अन्तर्राष्ट्रिय ओलम्पिक कमिटीसँग संवाद गरेरमात्र सरकारले अगाडिको रणनीति तय गर्नु बुद्धिमानी हुनेछ।

नेपाल ओलम्पिक कमिटी बाचुन्जेलका लागि कब्जा गरेको ठान्नेहरूले पनि ओलम्पिक अभियानप्रति इमानदारी देखाएर स्वेच्छाले पद छाड्नु बेस हुनेछ। खेलको विकासका लागि नभई अरू नै स्वार्थ पूरा गर्न षड्यन्त्रपूर्वक पदमा रहेको यथार्थ स्पष्ट भएका दिन आईओसीले पनि तिनलाई पक्कै काँध थाप्नेछैन।

### *खानेपानी थाप्न...*

मात्र भनेकी थिएँ,' पीडित मुखियाले भनिन्, 'उल्टै मुखमुखै लाग्छेस् भन्दै बाबुछोरा मिलेर कुटे।'

पीडित मुखियाले खडेरीका वेला घरमा पिउनसमेत नभएपछि पानी लिन जाँदा कुटपिट र दुर्व्यवहार गरेका बाबुछोराविरुद्ध जिल्ला प्रहरी कार्यालय सिराहाको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेलमा उजुरी दिएकी छिन्। घटनाको विषयमा अनुसन्धान थालिएको प्रहरीले जनाएको छ।

# मिडिया काउन्सिल विधेयक : ऐतिहासिक अवसर कि भूल?



• सविन धमला

नेपालको सञ्चार क्षेत्रलाई नयाँ युग सुहाउँदो बनाउने र पत्रकारितालाई थप मर्यादित र जबाफदेही तुल्याउने महान् उद्देश्यका साथ "मिडिया काउन्सिल सम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक संघीय संसद्मा प्रस्तुत भएको छ। आधा शताब्दी पुरानो प्रेस काउन्सिल ऐन, २०४८ लाई विस्थापित गर्ने लक्ष्य बोकेको यो विधेयकको प्रस्तावनामा "स्वच्छ, स्वतन्त्र र जबाफदेही पत्रकारिताको विकास तथा संरक्षणका लागि स्वायत्त नियामक निकायको रूपमा मिडिया काउन्सिलको स्थापना" गर्ने पवित्र लक्ष्य कोरिएको छ।

यी शब्दहरू आफैँमा सुन्दर, प्रगतिशील र समयको माग हुन्। तर, कुनै पनि कानुनको सुन्दरता त्यसको प्रस्तावनामा होइन, त्यसका दफाहरूको अन्तर्निहित मर्म, संरचना र दर्शनमा लुकेको हुन्छ। जब हामी यो विधेयकको गहिराइमा पस्छौँ, यसको स्वतन्त्रताको आकर्षक आवरणभित्र सरकारी नियन्त्रणको एउटा स्पष्ट र डरलाग्दो 'ब्लुप्रिन्ट' फेला पर्छ। यो विधेयक संरचनागत रूपमा मात्र त्रुटिपूर्ण छैन, बरु यो आजको जटिल डिजिटल मिडिया परिदृश्य र भविष्यका प्राविधिक चुनौतीहरूलाई सम्बोधन गर्न पूर्णतः असफल देखिन्छ, जसले यसलाई पारित हुनुअघि नै असान्दर्भिक र प्रतिगामी बनाइदिएको छ।

यो विधेयक केवल एउटा कानुनी दस्तावेज मात्र होइनन्न यो एक्काइसौँ शताब्दीको संघीय लोकतान्त्रिक गणतन्त्रमा राज्य, सञ्चार जगत् र आम नागरिकबिचको सम्बन्ध कस्तो हुनेछ भन्ने निर्धारण गर्ने एक दूरगामी महत्वको लिखत हो। यसले कोर्ने मार्गचित्रले नेपालको पत्रकारिताको भविष्य, सार्वजनिक बहसको स्तर र सरकारको पारदर्शिताको सीमा निर्धारण गर्नेछ। तसर्थ, यसको विश्लेषण विश्वव्यापी असल अभ्यासको कसीमा राखेर गर्नु अपरिहार्य छ।

**स्वायत्तताको हत्या: नियन्त्रणमुखी संरचनाको पासो**

कुनै पनि नियामक निकायको प्रभावकारिता, निष्पक्षता र विश्वसनीयताको पहिलो र अनिवार्य सर्त त्यसको पूर्ण स्वतन्त्रता हो। तर, यो विधेयकले काउन्सिलको घाँटीमा जन्मिँदैदेखि सरकारी नियन्त्रणको एउटा बलियो पासो लगाइदिएको छ। विधेयकको दफा ६(२) अनुसार, काउन्सिलको अध्यक्ष र सदस्य नियुक्तिको सिफारिस गर्न मन्त्रालयका सचिवको संयोजकत्वमा सरकारले तोकेको विज्ञ र मन्त्रालयकै सहसचिव रहने तीन सदस्यीय समिति बन्ने व्यवस्था छ। यो प्रावधान काउन्सिलको स्वायत्तताको हत्या गर्ने सबैभन्दा घातक अस्त्र हो। मन्त्रालयको सचिवको नेतृत्वमा बन्ने समितिले सरकारप्रति बफादार र 'आफ्ना मान्छे' बाहेक अरूलाई सिफारिस गर्ला भनेर कल्पना गर्नु नै व्यर्थ छ। यो काउन्सिलमा 'ताबेदार' नियुक्त गरेर समग्र सञ्चार जगतमाथि हैकम चलाउने र सरकारको आलोचना गर्ने आवाजलाई नियन्त्रण गर्ने प्रपञ्च बाहेक केही होइन।

यति मात्र होइन, दफा ९ ले पदाधिकारीलाई पदबाट हटाउनु परेमा पनि मन्त्रालयले नै जाँचबुझ समिति गठन गर्ने र त्यसको सिफारिसमा सरकारले हटाउन सक्ने व्यवस्था गरेको छ। यसले पदाधिकारीहरूलाई सधैँ मनोवैज्ञानिक दबाबमा राख्छ र सरकारको इच्छाविपरीत गएमा पदबाट हटाइने 'तरबार' सधैँ झुन्ड्याइरहन्छ। यस्तो संरचनाबाट नियुक्त भएका र बर्खास्तीको डरमा बाँचेका पदाधिकारीहरूले कसरी निडर र निष्पक्ष भएर काम गर्न सक्छन् ? यसको समाधान भनेको नियुक्ति प्रक्रियालाई सरकारी र राजनीतिक प्रभावबाट पूर्ण मुक्त राख्नु हो। सर्वोच्च अदालतका अवकाशप्राप्त न्यायाधीश वा प्रतिनिधि सभाका पूर्व सभामुखको नेतृत्वमा नेपाल बार एसोसिएसन, पत्रकारिताका प्राध्यापक, मानव अधिकारकर्मी र नेपाल पत्रकार महासंघका पूर्व अध्यक्षहरू जस्ता स्वतन्त्र, गैर–राजनीतिक र व्यावसायिक विज्ञहरूको सिफारिस समिति बनाउनु नै स्वायत्तताको पहिलो ग्यारेन्टी हो। बेलायत, आयरल्यान्ड र नर्डिक देशहरूमा प्रेस काउन्सिलहरू सरकारबाट पूर्ण स्वतन्त्र रहनु र भारतमा न्यायाधीशले नेतृत्व गर्दा यसले सम्मान पाउनुको पछाडि यही स्वतन्त्र संरचनाको देन छ।

**डिजिटल युगको भूमरी : सामाजिक सञ्जाल र युट्युबको अनियन्त्रित पत्रकारितामा मौन**

विधेयकको अर्को गम्भीर कमजोरी भनेको यो आजको डिजिटल वास्तविकताबाट पूर्णतः बेखबर हुनु हो। आज पत्रकारिता छापा र प्रसारणको साँघुरो घेरामा सीमित छैन। फेसबुक, युट्युब, टिकटक जस्ता प्लेटफर्महरू समाचार र सूचनाका प्रमुख स्रोत बनेका छन्। तर, यहीँ नै सबैभन्दा ठुलो चुनौती पनि लुकेको छ। समाचारको आवरणमा व्यक्तिगत विचार, प्रचार, गलत सूचना र घृणास्पद अभिव्यक्ति फैलाउने "डिजिटल प्रसारक" हरूको बिगबिगी छ। उनीहरूको कुनै सम्पादकीय संरचना वा जबाफदेहिता हुँदैन, तर उनीहरूको प्रभाव भने विशाल छ। उनीहरूले सिर्जना गर्ने 'एको च्याम्बर' ले समाजमा वैचारिक ुवीकरण बढाएको छ।

यो विधेयकले यस्ता 'डिजिटल समाचार प्रसारक' र व्यावसायिक 'अनलाइन समाचार माध्यम' बिच कुनै भिन्नता छुट्याउन सकेको छैन। सबैलाई एउटै डालोमा राखेर नियमन गर्न खोज्दा अभिव्यक्ति स्वतन्त्रतामाथि अङ्कुश लाग्ने जोखिम हुन्छ भने केही नगर्दा गलत सूचनाको बाढी रोकिँदैन। विश्वमा यसको समाधानका लागि 'तहगत दृष्टिकोण' अपनाउन थालिएको छ। यसअनुसार, दर्ता भएर व्यावसायिक पत्रकारिता गर्ने 'अनलाइन समाचार माध्यम' र सामाजिक सञ्जालमा आधारित भएर आर्थिक लाभ लिने 'डिजिटल समाचार प्रसारक' लाई फरक–फरक नियमनको दायरामा राखिन्छ। आम नागरिकको व्यक्तिगत अभिव्यक्तिको सम्मान गरिन्छ।

यसको समाधानका लागि काउन्सिलले 'पुलिसिङ' गर्नेभन्दा पनि 'मार्गदर्शन' गर्ने भूमिका खेल्नुपर्छ। विधेयकमा डिजिटल समाचार प्रसारकहरूका लागि स्वैच्छिक सूचीकरण प्रणालीको व्यवस्था गर्न सकिन्छ। सूचीकृत हुन चाहनेलाई व्यावसायिक विकासका अवसरहरू दिने र आचारसंहितामा बाँध्ने, तर सूचीकृत नभए पनि गम्भीर रूपमा हानिकारक सामग्री फैलाउनेलाई प्रचलित कानुनको दायरामा ल्याउने बाटो खुला राख्नुपर्छ। यसका साथै, जर्मनीको कानुन जस्तै प्लेटफर्महरूलाई जबाफदेही बनाउने र फिनल्यान्ड जस्तै नागरिकलाई नै सचेत बनाउने मिडिया साक्षरता अभियानमा लगानी गर्नु आजको आवश्यकता हो।

**पत्रकारिताको मेरुदण्डः उपेक्षित समाचार समितिहरू**

पत्रकारिताको इकोसिस्टममा समाचार समिति वा न्युज एजेन्सीहरू मेरुदण्ड हुन्। उनीहरू आफैँ प्रकाशक/प्रसारक होइनन्, तर उनीहरूले उत्पादन गर्ने एउटा सामग्रीले सयौँ मिडियामार्फत लाखौँ नागरिकसम्म प्रभाव पार्छ। उनीहरूले दिने एउटा गलत समाचारले सिङ्गो मिडिया जगतलाई नै प्रदूषित गर्न सक्छ। उनीहरूको आर्थिक मोडेल पनि फरक छन्न उनीहरू विज्ञापनमा नभई सेवा शुल्क र सरकारी अनुदानमा निर्भर रहन्छन्, जसले उनीहरूलाई आर्थिक रूपमा कमजोर र बाहिरी दबाबप्रति संवेदनशील बनाउँछ।

यो विधेयकले समाचार समितिको यो विशिष्ट प्रकृति र भूमिकालाई पूर्ण रूपमा नजरअन्दाज गरेको छ। उनीहरूलाई अन्य सञ्चार माध्यम सरह व्यवहार गरिएको छ, जुन अन्यायपूर्ण छ। समाचार समितिहरूलाई संरक्षण, प्रवर्द्धन र नियमनको विशेष व्यवस्था आवश्यक पर्छ। काउन्सिलको संरचनामा समाचार समितिको प्रतिनिधित्व सुनिश्चित गरिनुपर्छ। काउन्सिलको कार्यक्षेत्रमा उनीहरूको व्यावसायिकता र संस्थागत विकासका लागि प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गर्ने भूमिका थपिनुपर्छ। उनीहरूका लागि आचारसंहितामा तथ्यको शुद्धता, प्रमाणीकरण र भूल सुधारको प्रभावकारी संयन्त्र मा विशेष जोड दिनुपर्छ। साथै, 'सार्वजनिक हित पत्रकारिता कोष' स्थापना गरी राष्ट्रिय महत्वका समाचार सङ्कलनका लागि उनीहरूलाई अनुदान दिने व्यवस्था गर्न सकिन्छ, जसले उनीहरूको सम्पादकीय स्वतन्त्रतालाई असर नगरी आर्थिक दिगोपना प्रदान गर्छ।

**भविष्यको चुनौतीः कृत्रिम बौद्धिकता (एआई) बारे सोच्न सकेन**

एउटा प्रगतिशील कानुनले वर्तमानलाई मात्र होइन, भविष्यलाई पनि सम्बोधन गर्न सक्नुपर्छ। तर, यो विधेयकले भविष्यका चुनौतीहरूप्रति पूर्णतः बेवास्ता गरेको देखिन्छ। आजको युगमा कृत्रिम बौद्धिकता (एआई) को उदयले पत्रकारिताको विश्वव्यापी परिदृश्यमा क्रान्ति ल्याइरहेको छ। एआईको प्रयोगबाट सजिलै बन्न सक्ने नक्कली समाचार, तस्बिर र 'डिपफेक' भिडियोले पत्रकारिताको विश्वसनीयतामाथि नै गम्भीर सङ्कट ल्याउन सक्छ। तर, यो विधेयक एआईको व्यवस्थापनबारे पूर्णतः मौन छ।

यो मौनताले विधेयक निर्माताहरूको अदूरदर्शिता र वर्तमानमा मात्र रमाउने प्रवृत्ति देखाउँछ। यसको समाधानका लागि विधेयकमा तत्काल सुधार आवश्यक छ। परिभाषामा 'एआई–सिर्जित सामग्री' लाई समावेश गर्ने, आचारसंहितामा पारदर्शिता, सार्वजनिक निगरानी, र जबाफदेहिता सम्बन्धी अध्याय थप्ने, र काउन्सिलको कार्यक्षेत्रमा "एआईको नैतिक प्रयोगबारे अनुसन्धान र निर्देशिका जारी गर्ने" भूमिका तोक्नु अपरिहार्य छ। युरोपेली संघको 'एआई एक्ट' र विश्वका प्रमुख मिडिया हाउसहरूले एआईको नैतिक प्रयोगका लागि गाइडलाइन बनाइरहेका छन्। यस्तो व्यवस्थाले नेपालको मिडिया नियमन प्रणालीलाई भविष्यमुखी बनाउँछ।

**ऐतिहासिक अवसर कि भूल?**

मिडिया काउन्सिल विधेयक नेपालको लोकतान्त्रिक यात्रामा एउटा महत्त्वपूर्ण दोबाटो हो। यसलाई पारित गर्ने सांसदहरूलाई इतिहासले दुईवटा विकल्प दिएको छः कि त सरकारको नियतमाथि वैधताको छाप लगाउँदै प्रेस स्वतन्त्रतालाई सङ्कुचित गर्ने एउटा प्रतिगामी कानुन बनाउने, कि त सरोकारवालाहरूको आवाज सुनेर र

–बाँकी तीन पेजमा

## मिडिया काउन्सिल...

विश्वव्यापी असल अभ्यासलाई आत्मसात् गर्दै साँच्चिकै स्वतन्त्र, स्वायत्त र भविष्यमुखी काउन्सिल निर्माण गर्ने ऐतिहासिक अवसरको सदुपयोग गर्ने ।

यो विधेयकलाई यसको वर्तमान स्वरूपमा पारित गर्नु भनेको प्रेस स्वतन्त्रताको आवरणमा नियन्त्रणलाई स्विकार्नु हो। संसदीय समितिले यसका दफाहरूमा सामान्य हेरफेर गरेर मात्र पुग्दैन। यसको संरचनागत र दार्शनिक आधारमै आमूल परिवर्तन गर्न आवश्यक छ। विशेषगरी, नियुक्ति प्रक्रियालाई पूर्ण स्वतन्त्र बनाउने, दण्डात्मक प्रावधानहरू हटाउने, आर्थिक स्वायत्तता सुनिश्चित गर्ने, र डिजिटल मिडिया, समाचार समिति तथा एआई जस्ता भविष्यका चुनौतीलाई सम्बोधन गर्ने गरी यसलाई परिमार्जन गर्नैपर्छ। एउटा बलियो र स्वतन्त्र मिडिया काउन्सिल सरकारको शत्रु होइन, बरु यो एक स्वस्थ, पारदर्शी र जीवन्त लोकतन्त्रको अनिवार्य सर्त हो। सांसदहरूको विवेकपूर्ण निर्णयको परीक्षाको घडी यही हो, र उनीहरूले गर्ने निर्णयले नेपालको लोकतन्त्रको भविष्यको दिशा तय गर्नेछ। न्युज एजेन्सी नेपाल

# प्रधानमन्त्री र मन्त्रीहरूले पाए आफ्नो तलब आफैं तोक्ने अधिकार



काठमाडौं, १७ साउन। प्रधानमन्त्री र मन्त्रीहरूले आफ्नो तलब आफैं तोक्ने अधिकार पाएका छन्। संघीय संसद्ले प्रचलित ऐनलाई संशोधन गरेर प्रधानमन्त्री र मन्त्रीहरूको तलब तोक्ने अधिकार मन्त्रिपरिषद्लाई दिएको हो। संघीय संसद्रुबाट पारित भएर गएको 'केही नेपाल ऐन संशोधन विधेयक' राष्ट्रपति रामचन्द्र पौडेलले यही साउन १४ गते प्रमाणीकरण गरेका छन्। विधेयक प्रमाणीकरण भएसँगै प्रधानमन्त्री र मन्त्रीहरूको पारिश्रमिक र सुविधासम्बन्धी ऐन २०४९ मा संशोधन भएको छ। जसले प्रधानमन्त्री र मन्त्रीहरूको तलब तोक्ने अधिकार मन्त्रिपरिषद्लाई दिएको छ।

२०४९ सालमा ऐन बनाएर तत्कालीन व्यवस्थापिका संसद्रुमार्फत प्रधानमन्त्री, उपप्रधानमन्त्री, राज्यमन्त्री सहायकमन्त्रीको पारिश्रमिक र सेवा–सुविधा तोकिएको थियो। उक्त ऐनमा संशोधन गर्दै सरकारले मन्त्रिपरिषद्ले नै प्रधानमन्त्री र मन्त्रीको तलब तय गर्ने व्यवस्था गरेको हो। मन्त्रीहरूको पारिश्रमिक र सुविधासम्बन्धी ऐन, २०४९ को दफा ३ मा प्रधानमन्त्री र मन्त्रीहरूको पारिश्रमिक कति हुने प्रष्ट व्यवस्था छ। जसमा प्रधानमन्त्रीको मासिक तलब ९ हजार, उपप्रधानमन्त्रीको ७ हजार ५ सय, मन्त्रीको ७ हजार, राज्यमन्त्रीको ६ हजार ७ सय र सहायकमन्त्रीको ५ हजार ८ सय हुने उल्लेख छ।

प्रचलित ऐनमा संशोधन हुने गरी राष्ट्रपतिबाट प्रमाणीकरण भएको ऐनमा प्रधानमन्त्री र मन्त्रीहरूको तलब र सेवा–सुविधा कति हुने किटान गरिएको छैन। नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेबमोजिमको पारिश्रमिक पाउने भनिएको छ। प्रधानमन्त्री र मन्त्रीहरूलाई 'नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेबमोजिमको पारिश्रमिक मन्त्रीहरूलाई दिने' प्रावधान संशोधित ऐनमा राखिएको छ। यो विधेयक राष्ट्रपतिबाट प्रमाणीकरण भइसकेकाले अब प्रधानमन्त्री र मन्त्रीहरूको तलबबारे सरकारले जुनसुकै बेला मन्त्रिपरिषदबाट आवश्यक निर्णय लिन सक्ने बाटो खुलेको छ।

विगतमा ऐन संशोधन नहुँदा सरकारले कार्यसञ्चालन ऐन निर्देशिका मार्फत् प्रधानमन्त्री र मन्त्रीहरुको सेवा, सुविधा र पारिश्रमिक पुनरावलोकनबारे निर्णय गर्दै आएको थियो। पछिल्लो पटक सरकारले २०७७ साल माघ २२ गते प्रधानमन्त्री र मन्त्रीहरूको तलब र सेवा–सुविधा पुनरावलोकन गरेको थियो। कार्य सञ्चालन निर्देशिका २०७७ आठौं संस्करणमा प्रधानमन्त्रीदेखि मन्त्रीहरूको पारिश्रमिकको व्यवस्था प्रकाशित छ। जो २०७७ साल माघ २२ गते स्वीकृत भएको थियो।

अब संशोधित ऐन अनुसार प्रधानमन्त्री र मन्त्रीहरूले आफूहरूको तलब के कति गर्ने भनेर मन्त्रिपरिषद्रुमार्फत आफैँ नयाँ निर्णय गर्न सक्दछन्।

**अहिले कति पाउँछन् ?**

२०७७ सालमा स्वीकृत कार्य सञ्चालन निर्देशिकामा उल्लेख भएअनुसार प्रधानमन्त्रीले मासिक तलब ९४ हजार २ सय ८० रुपैयाँ छ। प्रधानमन्त्रीले पारिश्रमिक ७७ हजार २८०, महँगी भत्ता २ हजार, सञ्चार सुविधा ५ हजार, मासिक मसलन्द तथा अतिथि सत्कारअन्तर्गत १० हजार रुपैयाँ पाउँछन्। यसबाहेक प्रधानमन्त्रीले मासिक ३ सय ६ लिटर पेट्रोल, वार्षिक ४० लिटर मोबिल पाउँछन्। प्रधानमन्त्रीले राज्यमन्त्रीस्तरको सल्लाहकारदेखि कार्यालय सहायकसम्म गरी ३४ जना कर्मचारीको सुविधा पाउँछन्। यसका अतिरिक्त दैनिक भ्रमण भत्ता र सुरक्षा व्यवस्था हुन्छ। प्रधानमन्त्रीको दैनिक भ्रमण भत्ता ३ हजार हो, जो काठमाडौं बाहिर गएको अवस्थामा पाउने व्यवस्था छ।

उपप्रधानमन्त्रीको मासिक पारिश्रमिक ७५ हजार ६ सय ४० हो। यसमा मसलन्द, महँगी भत्ता र सञ्चारसमेत जोड्दा मासिक ८४ हजार ६ सय ४० तलब हुन आउँछ। यसबाहेक उपप्रधानमन्त्रीले मासिक ३ सय ६ लिटर पेट्रोल, सहसचिव सो सरहका एकजना सह स्वकीय सचिवदेखि कार्यालय सहायकसम्म गरी ८ जना कर्मचारी पाउँछन्। जसको पारिश्रमिक सरकारले बेहोर्छ।

मन्त्रीहरूको हकमा मासिक पारिश्रमिक, मसलन्द तथा अतिथि सत्कार ३ हजार ५ सय, महँगी भत्ता १ हजार, सञ्चार सुविधा ३ हजारसमेत गरी जम्मा ७९ हजार २ सय ३० पाउँछन्। यसका अलावा मासिक २ सय ७ लिटर पेट्रोल र ७ जना कर्मचारी पाउँछन्। राज्यमन्त्रीले मासिक ६७ हजार ३० रुपैयाँ पारिश्रमिक पाउँछन्। मसलन्द ३ हजार, महँगी भत्ता २ हजार, सञ्चार सुविधा ३ हजार गरी जम्मा ७५ हजार ३० रुपैयाँ पाउँछन्। यसका अलावा राज्यमन्त्रीले मासिक २ सय लिटर पेट्रोल र ७ जना कर्मचारी पाउँछन्।

कार्य सञ्चालन निर्देशिकामार्फत संशोधन वा पुनरावलोकन हुँदै आएको अभ्यासलाई सरकारले मन्त्रिपरिषद्मै सारेको हो। अर्थात्, अब मन्त्रिपरिषद्बाट निर्णय गराएर राजपत्रमा सूचना प्रकाशन गरी प्रधानमन्त्री र मन्त्रीहरूले आफ्नो पारिश्रमिक र सुविधा आफैँ तोक्न सक्नेछन्।

# कोशीको नाम लेख्ने शैली परिमार्जन, कात्तिक २५ गतेबाट लिम्बु र मैथिली कामकाजको भाषा

विराटनगर, १७ साउन। कोशी प्रदेश मन्त्रीपरिषद् बैठकले प्रदेशको नाम परिमार्जन गर्ने निर्णय गरेको छ। प्रदेशको आधिकारिक कागजात, लेटरहेड, बोर्डलगायत संरचनामा 'कोशी प्रदेश सरकार, विराटनगर नेपाल' लेख्ने निर्णय गरेको हो। यसअघि 'प्रदेश सरकार,कोशी प्रदेश विराटनगर' लेखिँदै आएको थियो। शुक्रबार बसेको मन्त्रिपरिषद्को बैठकले प्रदेशको नाम स्पष्टता ल्याउने उद्देश्यले नाम परिमार्जन गर्ने निर्णय गरेको आन्तरिक मामिला तथा कानुनमन्त्री रेवतीरमण भण्डारीले जानकारी दिए।

'त्यो(नाम) प्रदेशसभाले पास गरेको ऐन बमोजिम ठ्याक्कै मिल्ने गरी नदेखिएको हुँदा यसमा केही संशोधन जरुरी भएकाले अबदेखि कोशी प्रदेश सरकार विराटनगर नेपाल नामाङ्करण गर्नेगरी निर्णय भएको छ,' उनले भने,' हाम्रा सबै लेटरहेड र साइनबोर्डमा राख्नेगरी भइरहेको नाम थोरै परिवर्तन गर्ने निर्णय भयो।' बैठकले कात्तिक २५ गते फाल्गुनन्द जयन्तीको अवसर पारेर लागु गर्ने गरी भाषा सम्बन्धि कानुन निर्माण गर्ने निर्णय गरेको छ। 'कोशी प्रदेशमा सरकारी कामकाजको भाषा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८२' लाई प्रदेश सभामा पेश गर्न स्वीकृति दिएको मन्त्री भण्डारीले जानकारी दिए।

भाषा आयोगले कोशी प्रदेशमा लिम्बु र मैथिली भाषालाई कामकाजको भाषा बनाउन प्रदेश सरकारलाई निर्देशन दिएको थियो। सोही अनुसार सरकारले विधेयक तयार गरेको हो। कोशी प्रदेशमा प्रतिपक्षी दलका सांसदहरुले भाषा सम्बन्धी विधेयक दर्ता गरेको थियो। तर त्यो विधेयक अघि बढेको छैन। सरकारले प्रतिपक्षीको विधेयकलाई छाडेर छुट्टै विधेयक ल्याएको हो। विधेयक पारित भएपछि प्रदेशमा नेपाली भाषाका अतिरिक्त लिम्बु भाषा र मैथिली भाषाले पनि सरकारी कामकाजको मान्यता पाउनेछन्। महागुरु फाल्गुनन्दको जन्मजयन्तीको अवसर पारेर आगामी कात्तिक २५ गतेबाट उक्त कानुन कार्यान्वयनमा जाने मन्त्री भण्डारीले जानकारी दिए।

## सप्तरीमा सिँचाइका...

कार्यलयका प्रमुख विकास ठाकुर बताउनुहुन्छ। अहिले मधेश प्रदेशमा पर्याप्त वर्षा नहुँदा सुक्खा छ। सुक्खाग्रस्त अवस्थामा यसअघि गाडिएका डिप बोरिङ सञ्चालन हुन नसक्दा लगानी खेर गएको छ। साथै प्रयोगविहीन हुँदा खडेरीले मर्कामा परेका किसानलाई राहत हुन नसकेको स्थानिय किसान महेन्द्र यादवले बताउनुभयो। ट्युबवेल सम्बन्धिका जानकार बद्री यादवका अनुसार ट्युबवेल गाडिएको केही महिनाभित्र सञ्चालनमा ल्याइसक्नुपर्छ। नभए फिल्टर जाम भएर पानी नआउने अवस्था हुन सक्छ।

राजविराज–१० का सुरेन्द्र यादवले जमिनमुनिको पानी तानेर खेतबारीमा सिचाइँ सुविधा पुऱ्याउने उद्देश्यले गाडिएको ट्यबवेल प्रयोगमा नआउँदै जीर्ण हुने अवस्थामा पुगेको बताउनुभयो। अहिले तराई मधेशका गाउँमा सिँचाइ अभावले धान रोपाइँ प्रभावित भएको छ। पालिकाले विद्युत लाइन जडान र अन्य आवश्यक उपकरण जडान गरेर भए पनि ती ट्युबवेल सञ्चालनमा ल्याउनुपर्ने किसानको माग छ। स्थानीय किसान रामनारायण सुतियारले सिँचाइ अभावकै कारण यो वर्ष धान रोप्न नपाएको बताउनुभयो।

अर्का किसान भागवत साहका अनुसार डिप ट्युबवेल गाड्ने बेला निकै खुशी देखिएका किसान ट्युबवेल सञ्चालनमा नआउँदा निराश छन्।

# लागुऔषधसहित नौ पक्राउ

सिरहा, १७ साउन। सिराहा प्रहरीले शनिबार प्रतिबन्धित लागुऔषध गाँजासहित नौ जनालाई नियन्त्रणमा लिएको छ। जिल्लाको औरही गाउँपालिका–४, कमलपुरबाट १०३ किलो गाँजासहित नौ जनालाई नियन्त्रणमा लिएको हो। पक्राउ पर्नेहरूमा गोलबजार नगरपालिका–१, मुक्सारका ४२ वर्षीय जयराम जोशी, ३० वर्षीय शिवकुमार सदा, २२ वर्षीय कृष्ण सदा, १८ वर्षीय सुरज सदा र १७ वर्षीय पशुपति सदा रहेका छन्। त्यसैगरी सोही ठाउँका ३२ वर्षीय जीवछ साह, औरही गाउँपालिका–३ का ४२ वर्षीय राजेन्द्र यादव, भारतको मधुवनी जिल्ला कुमरखद ग्राम पञ्चायत–१४ का ३९ वर्षीय वैजनाथ चौधरी र ३० वर्षीय रमेश कामतलाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय सिराहाले जनाएको छ।

प्रक्राउ परेका उनीहरूको साथबाट पाँच वटा बोरामा भरिएको करिब १०३ किलो लागुऔषध गाँजा बरामद गरिएको जिल्ला प्रहरी कार्यालय सिराहाका प्रमुख प्रहरी उपरीक्षक अनन्तराम शर्माले जानकारी दिनुभयो। विशेष सूचनाका आधारमा उनीहरूलाई नियन्त्रणमा लिएर लागुऔषध सम्बन्धी मुद्दामा अनुसन्धान अघि बढाइएको उहाँले बताउनुभयो।

# सञ्चालन हुँदै अलपत्र योजना

ढल्केबर, १७ साउन। धनुषाको मिथिला नगरपालिका–५, विश्रामपुरमा १० वर्षदेखि अलपत्र अवस्थामा रहेको खानेपानी योजना सञ्चालन हुने भएको छ। गाउँमा खानेपानीको संकट उत्पन्न भएपछि तत्काल वैकल्पिक विधिबाट सञ्चालनमा ल्याउन लागिएको हो। खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय धनुषाले विश्रामपुरका ६१८ घरधुरीलाई शुद्ध खानेपानी उपलब्ध गराउने उद्देश्यसहित २०७२ सालमा सो योजनाको काम सुरु गरेको थियो। योजना अन्तर्गत ओभरहेड ट्याङ्की निर्माण, विद्युत् जडान, कर्मचारी भवन निर्माण, कार्यालय परिसरको घेरबार भइसकेको छ भने डिप बोरिङ र पाइपलाइन विस्तारको काम बाँकी छ।

शुक्रबार खानेपानी योजनाको मधेश प्रदेशका ऊर्जा, सिँचाइ तथा खानेपानीमन्त्री शेषनारायण यादवसहितको टोलीले अनुगमनसमेत गर्नुभयो। अनुगमनका क्रममा मन्त्री यादवले उत्पन्न खानेपानीको समस्यालाई दृष्टिगत गर्दै डिप ट्युबेल जडान गरेर वैकल्पिक विधिबाट खानेपानी वितरण गरिने बताउनुभयो। उहाँले भन्नुभयो, "तत्कालै योजना सम्पन्न गरेर पानी वितरण गर्ने अवस्था छैन। त्यसैले जमिनमाथि नै पाइप विस्तार गरेर तथा ठाउँ ठाउँमा धारा जडान गरी पानी उपलब्ध गराउँछौं। यसका लागि आजैदेखि प्राविधिक टोली खटाउन भनिसकेका छौं। यसले विश्रामपुरमा खानेपानीको समाधान हुने मन्त्री यादवले बताउनुभयो।

वडाध्यक्ष रामचन्द्र महतोले खानेपानी योजना सञ्चालनमा नआउँदा स्थानीय बासिन्दाले खानेपानीको चरम अभाव भेल्नु परेको कुरा टोलीसमक्ष राख्नुभयो। उहाँले योजनालाई तत्काल सञ्चालनमा ल्याउन आग्रह गर्दै वडा कार्यालयका तर्फबाट १५ लाख रुपियाँ आर्थिक सहयोग गर्ने प्रतिबद्धता जनाउनुभयो। मिथिला नगरपालिकाका नगर प्रमुख महेन्द्र महतोले पनि खानेपानी योजना शीघ्र सञ्चालन गर्नुपर्ने बताउँदै नगरपालिकाका तर्फबाट १५ लाख रुपियाँ उपलब्ध गराउने घोषणा गर्नुभयो।

खानेपानी योजना निर्माणमा ढिलाइ हुँदा स्थानीयले खानेपानीका लागि सास्ती खेप्नु परेको छ। इनारको दूषित पानी प्रयोग गर्न बाध्य छन् भने कतिपय इनार सुकेर खानेपानीको समस्या हुने गरेको स्थानीयको भनाइ छ। टोलीमा नेपाली कांग्रेसका सहमहामन्त्री

**–बाँकी अन्तिम पेजमा**

# मधेस प्रदेश सरकारद्वारा १८ करोडको लागतमा स्यालो ट्युबवेल वितरण

जनकपुरधाम, १७ साउन। पानी नपर्दा सुक्खाग्रस्त तथा खडेरीको मारमा परेका किसानका लागि मधेस प्रदेश सरकारले रु १८ करोड लागतमा स्यालो ट्युबवेल वितरण प्रक्रिया सुरु गरेको छ। मधेस प्रदेशको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले सुक्खाक्षेत्र सहयोग कार्यक्रम अन्तर्गत प्रदेशका आठ जिल्लाका किसानलाई स्यालो ट्युबवेल वितरण योजना ल्याएको हो। धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा, पर्सा, सिरहा र सप्तरीमा पानी अभावमा खडेरीबाट पीडित किसानलाई सम्बन्धित कृषि ज्ञान



केन्द्रको कार्यालयबाट स्यालो ट्युबवेल वितरण सुरु गरिएको मन्त्रालयका प्रवक्ता सरोज चौधरीले जानकारी दिए।

जनताको आवश्यकता तथा प्राथमिकताका आधारमा एक हजार दुई सय स्यालो ट्युबवेल वितरण गरिने उहाँको भनाइ छ।

एउटा स्यालो ट्युबवेल जडान गर्न रु एक लाखदेखि तीन लाखसम्म खर्च हुने मन्त्रालयको अनुमान छ। साथै सोलार जोड्दा थप खर्च हुनेछ। ट्युबवेल जडान गर्दा पानीको सतह (गहिराई) कति छ त्यसको आधारमा खर्च लाग्ने उनको भनाइ रहेको छ। स्यालो ट्युबवेल वितरणका लागि अहिले सातदिने सूचना जारी गरिएको छ। एउटा ट्युबवेल लिनका लागि दुई बिघा खेतीयुक्त जमिनको प्रमाणित लालपुर्जा कृषि ज्ञान केन्द्रमा पेस गर्नुपर्ने छ। मन्त्रालयले पानीको अभावमा मधेस प्रदेशमा अहिलेसम्म ५० प्रतिशत धानखेती भएको जनाएको छ।

# सिरहा छोटी भन्सारको राजस्व सङ्कलनमा वृद्धि

सिरहा, १७ साउन। सिरहाको माडर मुख्य भन्सारअन्तर्गत पर्ने बरियारपट्टी छोटी भन्सारले पछिल्लो तीन आर्थिक वर्षमा राजस्व सङ्कलनमा उल्लेखनीय प्रगति गरेको छ। आ २०७९–८० मा जम्मा रु १९ लाख ६६ हजार मात्रै राजस्व सङ्कलन गरेको यस भन्सार कार्यालयले आव २०८०–८१ मा रु ४६ लाख ५० हजार संकलन गर्न सफल भएको थियो भने गत आव २०८१–८२ मा रु ७० लाख छ हजार राजस्व संकलन गर्दै उल्लेखनीय वृद्धि देखाएको छ। छोटी भन्सार कार्यालयका प्रमुख शम्भु केसीका अनुसार हाल मासिक सरदर रु छ लाख बराबरको राजस्व संकलन भइरहेको छ। उनले भने, "सामान्यतः खाद्यान्न, किराना सामग्री, मेलापर्वका लागि आवश्यक सामग्री, खेलौना र सजावटका वस्तुहरू यो भन्सार नाका भएर आयात हुने गरेका छन्।" राजस्व वृद्धिको पछाडि सीमावर्ती व्यापारिक गतिविधिको विस्तार, चेकपोइन्ट व्यवस्थापनमा सुधार र आयातकर्ताको सक्रियताजस्ता कारण रहेको प्रमुख केसीको भनाइ छ। भारतसँग सीमा जोडिएको सिरहा जिल्लामा यो छोटी भन्सारले गाउँस्तरको सस्तो तथा दैनिक प्रयोगका सामग्री भित्र्याउन सहजता प्रदान गर्दै आएको छ। त्यस्तै, स्थानीय व्यवसायीहरूले भन्सारको सेवा प्रवाहमा भएको सुधार र सहज प्रक्रियाले व्यवसायमैत्री वातावरण बनाएको बताएका छन्। एक स्थानीय व्यापारी मुकेशकुमार यादवले भने, "पहिला सामान ल्याउँदा धेरै झन्झट थियो, अहिले प्रक्रिया छरितो छ र राजस्व बुझाएर सहजै सामग्री ल्याउन सकिन्छ।"

भन्सार प्रमुख केसीले आगामी महिनामा राजस्व संकलन अझ बढ्ने विश्वास व्यक्त गरे। "चाडपर्व नजिकिँदै छ, जसका कारण व्यापारिक गतिविधि झनै बढ्नेछ। त्यसअनुसार राजस्व संकलन पनि उच्च हुने अपेक्षा गरेका छौँ," उनले भने। भारतसँग सिमाना जोडिएको यस जिल्लामा माडर र ठाडी गरी दुईवटा मूल भन्सार रहेका छन् भने एउटा छोटी भन्सार सञ्चालनमा रहेको छ।

# बिद्युत भोल्टेज नभएर समस्या भयो भन्दै किसान लिएर भगवानपुर गाउपालिकाका अध्यक्ष लहान बितरण केन्द्र पुगेपछि



**दुर्गा खनाल**

सिरहा, १७ साउन। सिरहाको भगवानपुर गाउपालिका वडा नंम्बर २ मा रहेका पुरानो ट्रान्सफरमर संचालनको माँग गर्दै वडा अध्यक्ष सहित र गाँउपालिका अध्यक्ष टोलीले बिद्युत बितरण केन्द्रसंग छलफल गर्नु भएको छ। लामो समयदेखि चलेको सुख्खा खडेरीको समयमा बिद्युत भोल्टेज कम भएर पानी पटाउन समस्या भएका बेला भएका ट्रान्सफर संन्चालनमा आउन नसकेपछि गाँउपालिका अध्यक्ष उग्र नारायण यादब सहित वडा नंम्बर २ का वडा अध्यक्ष सूर्य नारायण यादव, ५ का अध्यक्ष कमलदेब यादब सहित १५ जना स्थानीय सहित आएको टोलीले केन्द्रका ईन्जिनियर मनोज कुमार शाहसंग छलफल गरेको थियो।

अध्यक्ष यादबले केन्द्र प्रदेश सरकारले सुख्खाग्रस्त क्षेत्र घोषणा गरी राहात प्रदान गर्न निर्देशन दिए पनि बितरण केन्द्रले किसानले भोल्टेज नभएर समस्या झेल्नु परेकोप्रति ध्यानाकर्षण गराउनु भयो। तत्कालिन सामान्य प्रशासन मन्त्री रामचन्द्र यादबको संसदीय कोषबाट जडान गरिएका भगवानपुर गाँउपालिका वडा नंमबर २ मा ५ वटा र ५ मा २ वटा गरी सातवटा ट्रान्सफरमर अहिले सम्म संन्चालन आउन सकेका छैनन। किसानहरुले यसको संचालनको माँग गरेका छन्। त्यसैगरी वडा नंमबर २ मा केही समय अगाडी एउटा ट्रान्सफरमर जलेकाले त्यसको संचालनको माँग गरेका छन्।

शाहले छलफलका क्रममा पुरानो ट्रान्सफरमर टेष्ट परीक्षण गरेर ल्याए आफुहरुले जडान गरिदिने बताउनु भयो। त्यसो नभए डाइरेक्ट जडान गर्न कुनै क्षती भए त्यसको जिम्मेवारी वडा र पालिकाले लिनेछ भनि निबेदन दिएको खन्डमा जडान गरिदिने सुझाब दिनु भयो। धेरै पुरानो ट्रान्सफरमर परीक्षण पछि मात्रै जडान गर्न सकिने ईन्जिनियर शाहले बताउनु भयो। हेटौडामा रहेको परीक्षण केन्द्रमा परीक्षण गराएर ल्याउनु सकिने उहाले सुझाब दिनु भयो।

## सञ्चालन हुँदै ...

महेन्द्र यादव, मधेश प्रदेश सरकारका अर्थमन्त्री सुनीलकुमार यादव, सचेतक कुवरकान्त झा, खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय जलेश्वरका कर्मचारी सहभागी हुनुहुन्थ्यो।

## खडेरीले पानीको ...

उमेशकुमार विसुंकेले बताए। उनका अनुसार शनिबारदेखि क्रमशः लहान नगर क्षेत्रमा पानीको अभाव रहेका १५, १६, १८ र २४ नं. वडा क्षेत्रका बस्तीहरूमा खानेपानीको विरतण गरिनेछ।

**आगामी पाँच वर्षमा हरेक घरमा खानेपानी**

नगरप्रमुख चौधरीले आगामी सन् २०३० भित्र नगर क्षेत्रका हरेक वडाका हरेक घरमा स्वच्छ खानेपानी पुर्‍याउने कार्ययोजना सहित खानेपानीको काम थालिएको बताए। वाटर एडसँगको सम्झौताबमोजिम चालू आर्थिक वर्षमै नगरको १३, १४, १६ र २४ नं. वडामा खानेपानीको पाइपलाइन विस्तार गरिने जानकारी दिँदै उनले भने, 'आगामी आ.व.मा ११, १२, १८, २० र २२ नं. वडामा पाइपलाइन विस्तार गरी धारा जडान गरिनेछ।' उनका अनुसार नगर क्षेत्रका चार सय घरधुरी दलित तथा विपन्न परिवारका लागि निःशुल्क धारा जडान गरिनेछ। परियोजनाअन्तर्गत यसअघि नगर क्षेत्रका ३९ वटा बस्तीमा ५८७ वटा खानेपानीको धारा जडान गरिएको छ।

कार्यक्रम प्रबन्धक राजेश लोहनीका अनुसार नगरपालिकाको तीन हजार ७२०, क्लबको तीन हजार २२० रुपैयाँ अनुदान र सम्बन्धित परिवारको तीन हजार १७० रुपैयाँ लागतमा खानेपानीको धारा जडान हुँदै आएको छ। 'त्यो सुविधा दलितहरूलाई मात्र दिइएको छ,' उनले भने, 'दलितहरूको आयस्रोत न्यून भएकाले खानेपानीका लागि सघाइएको हो।'

झाडापखाला, हैजा र डेँगीबाट बचौं
अविरल भइरहेको वर्षाले झाडापखला, हैजा र डेंगीको खतरा बढेको छ । तसर्थ, झाडापखला र हैजाबाट बच्न:
• सधैं पानी उमालेर वा क्लोरिन झोल प्रयोग गरेर मात्र पिऔं,
• व्यक्तिगत सरसफाई (विशेष गरी हातको सरसफाई) मा ध्यान दिऔं
• बासी सढेगलेका खानेकुरा नखाऔं,
• खानालाई छोपेर राखौं,
• काँचै खान मिल्ने फलफूल र तरकारीको सरसफाईलाई विशेष ध्यान पुर्याऔं
साथै खुल्ला रुपमा दिसापिसाब नगरौं, चर्पीको अनिवार्य प्रयोग गरौं र दिसापिसाब गरिसकेपछि साबुनपानीले मिचि मिचि हात धोऔं ।
साथै एडीस जातका लामखुट्टेको (कालो-सेतो छिर्केमिर्के देखिने) टोकाईबाट सर्ने डेंगी रोगबाट बच्न:
• आफ्नो घर वरपर तथा कार्यस्थलमा सफा पानी जमेको ठाउँमा लामखुट्टेले फूल पार्ने भएको हुँदा पानी जम्न नदिऔं
• घरको झ्याल ढोकामा लामखुट्टे नछिर्ने जाली हालौं,
• जुनसुकै बेला सुत्दा झुलको प्रयोग गरौं,
• पुरै शरिर ढाक्ने लुगा लगाऔं र सचेत रहौं।
साथै खाद्यान्न तथा खानेपानी वितरक सम्पुर्ण सरोकारवाला निकाय तथा व्यवसायीहरुलाई सचेत रहन अनुरोध गर्दछौं ।
लक्ष्मीपुर पतारी गाउँपालिका, सिरहा

झाडापखाला, हैजा र डेँगीबाट बचौं
अविरल भइरहेको वर्षाले झाडापखला, हैजा र डेंगीको खतरा बढेको छ । तसर्थ, झाडापखला र हैजाबाट बच्न:
• सधैं पानी उमालेर वा क्लोरिन झोल प्रयोग गरेर मात्र पिऔं,
• व्यक्तिगत सरसफाई (विशेष गरी हातको सरसफाई) मा ध्यान दिऔं
• बासी सढेगलेका खानेकुरा नखाऔं,
• खानालाई छोपेर राखौं,
• काँचै खान मिल्ने फलफूल र तरकारीको सरसफाईलाई विशेष ध्यान पुर्याऔं
साथै खुल्ला रुपमा दिसापिसाब नगरौं, चर्पीको अनिवार्य प्रयोग गरौं र दिसापिसाब गरिसकेपछि साबुनपानीले मिचि मिचि हात धोऔं ।
साथै एडीस जातका लामखुट्टेको (कालो-सेतो छिर्केमिर्के देखिने) टोकाईबाट सर्ने डेंगी रोगबाट बच्न:
• आफ्नो घर वरपर तथा कार्यस्थलमा सफा पानी जमेको ठाउँमा लामखुट्टेले फूल पार्ने भएको हुँदा पानी जम्न नदिऔं
• घरको झ्याल ढोकामा लामखुट्टे नछिर्ने जाली हालौं,
• जुनसुकै बेला सुत्दा झुलको प्रयोग गरौं,
• पुरै शरिर ढाक्ने लुगा लगाऔं र सचेत रहौं।
साथै खाद्यान्न तथा खानेपानी वितरक सम्पुर्ण सरोकारवाला निकाय तथा व्यवसायीहरुलाई सचेत रहन अनुरोध गर्दछौं ।
बरियारपट्टी गाउँपालिका, सिरहा

झाडापखाला, हैजा र डेँगीबाट बचौं
अविरल भइरहेको वर्षाले झाडापखला, हैजा र डेंगीको खतरा बढेको छ । तसर्थ, झाडापखला र हैजाबाट बच्न:
• सधैं पानी उमालेर वा क्लोरिन झोल प्रयोग गरेर मात्र पिऔं,
• व्यक्तिगत सरसफाई (विशेष गरी हातको सरसफाई) मा ध्यान दिऔं
• बासी सढेगलेका खानेकुरा नखाऔं,
• खानालाई छोपेर राखौं,
• काँचै खान मिल्ने फलफूल र तरकारीको सरसफाईलाई विशेष ध्यान पुर्याऔं
साथै खुल्ला रुपमा दिसापिसाब नगरौं, चर्पीको अनिवार्य प्रयोग गरौं र दिसापिसाब गरिसकेपछि साबुनपानीले मिचि मिचि हात धोऔं ।
साथै एडीस जातका लामखुट्टेको (कालो-सेतो छिर्केमिर्के देखिने) टोकाईबाट सर्ने डेंगी रोगबाट बच्न:
• आफ्नो घर वरपर तथा कार्यस्थलमा सफा पानी जमेको ठाउँमा लामखुट्टेले फूल पार्ने भएको हुँदा पानी जम्न नदिऔं
• घरको झ्याल ढोकामा लामखुट्टे नछिर्ने जाली हालौं,
• जुनसुकै बेला सुत्दा झुलको प्रयोग गरौं,
• पुरै शरिर ढाक्ने लुगा लगाऔं र सचेत रहौं।
साथै खाद्यान्न तथा खानेपानी वितरक सम्पुर्ण सरोकारवाला निकाय तथा व्यवसायीहरुलाई सचेत रहन अनुरोध गर्दछौं ।
सखुवानन्कारकट्टी गाउँपालिका, सिरहा

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक** : राम बाबु यादव, **सम्पादक** : कमलेश कुमार यादव, **सह-सम्पादक** : सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकार**: कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले-आउट** : **मार्गानुगामी दैनिक कार्यालय** : गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail* : mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक** : न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)